## एकीकृत कर्मचारी परिवहन सेवा खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र अस्वीकृत भएको

## सूचना !!!

चालू आ.व. २०८०/०८१ मा यस मन्त्रालय तर्फ स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा रहेको एकीकृत कर्मचारी परिवहन सेवा खरिद गर्ने प्रयोजनका लागि यस मन्त्रालयले मिति २०८०/०५/०७ मा शिलबन्दी दरभाउपत्र (ठेक्का नं. MOF/S/SQ/01/2080-81) को सूचना मार्फत शिलबन्दी दरभाउपत्र आह्वान गरिएको थियो । यस मन्त्रालयमा मिति २०८०/०५/२२ सम्म दर्ता हुन आएका ४ (चार) वटा शिलबन्दी दरभाउपत्रदाताहरूको प्रस्तावहरू सार्वजनिक खरिद ऐन, २०६३ एवम् सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम परीक्षण र मूल्याङ्कन हुँदा कुनै पनि फर्मको दरभाउपत्र सारभूत रूपमा प्रभावग्राही भएको नदेखिएको भनी बोलपत्र मूल्याङ्कन समितिबाट सिफारिस भई आएको छ । अतः सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा (१) को खण्ड (ख) बमोजिम सबै शिलबन्दी दरभाउपत्र अस्वीकृतिका लागि सिफारिस सहित पुनः बोलपत्र आह्वानको निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय

अर्थ मन्त्रालय
जिन्सी व्यवस्थापन शाखा